# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १६ गते २०४० साल

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

वन विभाग अन्तर्गत हाल कायम भएका कार्यालयहरूलाई खारेज, परिवर्तन तथा नयाँ कार्यालयहरू स्थापना गर्ने सन्दर्भमा श्री ५ को सरकारले मिति २०४०।३।१ मा देहायबमोजिम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. साबिकमा भइरहेका नौ वटा सर्कल कार्यालयहरूलाई खारेज गरी देहाय बमोजिमको ५ वटा क्षेत्रीय वन निदशनालय स्थापना गरिएको छ ।

(क) पूर्वाञ्चल क्षेत्रीय वन निदशनालय ।

(ख) मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालय ।

(ग) पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय ।

(घ) मध्य पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय ।

(ङ) सुदूर पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय ।

२. साबिकमा भइरहेका ४० वटा वन डिभिजन कार्यालयहरूमध्ये २७ वटा वन डिभिजन कार्यालयहरूलाई देहायबमोजिमको नाम कायम गरी "क" श्रेणीको जिल्ला वन कार्यालयमा परिणत गरिएको छ ।

१. झापा वन डिभिजन कार्यालयलाई झापा जिल्ला वन कार्यालय ।

२. इलाम वन डिभिजन कार्यालयलाई इलाम जिल्ला वन कार्यालय ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विराटनगर वन डिभिजन कार्यालयलाई मोरङ जिल्ला वन कार्यालय ।
४. धनकुटा वन डिभिजन कार्यालयलाई धनकुटा जिल्ला वन कार्यालय ।
५. त्रिजुगा वन डिभिजन कार्यालयलाई उदयपुर जिल्ला वन कार्यालय ।
६. जनकपुर वन डिभिजन कार्यालयलाई धनुषा जिल्ला वन कार्यालय ।
७. सिंधुली वन डिभिजन कार्यालयलाई सिन्धुली जिल्ला वन कार्यालय ।
८. काठमाडौं वन डिभिजन कार्यालयलाई काठमाडौं जिल्ला वन कार्यालय ।
९. चौतारा वन डिभिजन कार्यालयलाई सिन्धुपाल्चोक जिल्ला वन कार्यालय ।
१०. त्रिशुली वन डिभिजन कार्यालयलाई नुवाकोट जिल्ला वन कार्यालय ।
११. वीरगञ्ज वन डिभिजन कार्यालयलाई पर्सा जिल्ला वन कार्यालय ।
१२. राप्तीदून वन डिभिजन कार्यालयलाई मकवानपुर जिल्ला वन कार्यालय ।
१३. गोर्खा वन डिभिजन कार्यालयलाई तनहुँ जिल्ला वन कार्यालय ।
१४. पोखरा वन डिभिजन कार्यालयलाई कास्की जिल्ला वन कार्यालय ।
१५. म्याग्दी वन डिभिजन कार्यालयलाई म्याग्दी जिल्ला वन कार्यालय ।
१६. लुम्बिनी वन डिभिजन कार्यालयलाई रूपन्देही जिल्ला वन कार्यालय ।
१७. कपिलवस्तु वन डिभिजन कार्यालयलाई कपिलवस्तु जिल्ला वन कार्यालय ।
१८. दाङ वन डिभिजन कार्यालयलाई दाङ जिल्ला वन कार्यालय ।
१९. वर्दिया वन डिभिजन कार्यालयलाई वर्दिया जिल्ला वन कार्यालय ।
२०. बाँके वन डिभिजन कार्यालयलाई बाँके जिल्ला वन कार्यालय ।
२१. सुर्खेत वन डिभिजन कार्यालयलाई सुर्खेत जिल्ला वन कार्यालय ।
२२. कैलाली वन डिभिजन कार्यालयलाई कैलाली जिल्ला वन कार्यालय ।
२३. डोटी वन डिभिजन कार्यालयलाई डोटी जिल्ला वन कार्यालय ।
२४. कञ्चनपुर वन डिभिजन कार्यालयलाई कञ्चनपुर जिल्ला वन कार्यालय ।
२५. डडेलधुरा वन डिभिजन कार्यालयलाई डडेलधुरा जिल्ला वन कार्यालय ।
२६. महाकाली वन डिभिजन कार्यालयलाई बैतडी जिल्ला वन कार्यालय ।
२७. तामाकोशी वन डिभिजन कार्यालयलाई दोलखा जिल्ला वन कार्यालय ।

३. साबिकमा भइरहेका ४० वटा वन डिभिजन कार्यालयहरूमध्ये देहायका १३ वटा वन डिभिजन कार्यालयहरूलाई देहायबमोजिमको नाम कायम गरी "ख" श्रेणीको जिल्ला वन कार्यालयमा परिणत गरिएको छ ।

१. कञ्चनजङ्घा वन डिभिजन कार्यालयलाई पाँचथर जिल्ला वन कार्यालय ।
२. अरूण वन डिभिजन कार्यालयलाई संखुवासभा जिल्ला वन कार्यालय ।
३. दूधकोशी वन डिभिजन कार्यालयलाई ओखलढुङ्गा जिल्ला वन कार्यालय ।
४. सोलुखुम्बु वन डिभिजन कार्यालयलाई सोलुखुम्बु जिल्ला वन कार्यालय ।
५. मर्स्याङ्दी वन डिभिजन कार्यालयलाई लमजुङ जिल्ला वन कार्यालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. बाग्लुङ्ग वन डिभिजन कार्यालयलाई बाग्लुङ्ग जिल्ला वन कार्यालय ।
७. रोडी वन डिभिजन कार्यालयलाई गुल्मी जिल्ला वन कार्यालय ।
८. सल्यान वन डिभिजन कार्यालयलाई सल्यान जिल्ला वन कार्यालय ।
९. प्यूठान वन डिभिजन कार्यालयलाई प्यूठान जिल्ला वन कार्यालय ।
१०. दैलेख वन डिभिजन कार्यालयलाई दैलेख जिल्ला वन कार्यालय ।
११. जुम्ला वन डिभिजन कार्यालयलाई जुम्ला जिल्ला वन कार्यालय ।
१२. रारा वन डिभिजन कार्यालयलाई मुगु जिल्ला वन कार्यालय ।
१३. अछाम वन डिभिजन कार्यालयलाई अछाम जिल्ला वन कार्यालय ।

४. देहायको जिल्लाहरूमा देहाय बमोजिमको "क" श्रेणीको नयाँ जिल्ला वन कार्यालयहरू स्थापना गरिएको छ ।
१. सुनसरी जिल्ला वन कार्यालय ।
२. सर्लाही जिल्ला वन कार्यालय ।
३. काभ्रे जिल्ला वन कार्यालय ।
४. बारा जिल्ला वन कार्यालय ।
५. चितौन जिल्ला वन कार्यालय ।
६. नवलपरासी जिल्ला वन कार्यालय ।

५. देहायको जिल्लाहरूमा "ख" श्रेणीको देहाय बमोजिमको नयाँ जिल्ला वन कार्यालयहरू स्थापना गरिएको छ ।

१. तेह्रथुम जिल्ला वन कार्यालय
२. सिरहा जिल्ला वन कार्यालय
३. सप्तरी जिल्ला वन कार्यालय
४. धादिङ्ग जिल्ला वन कार्यालय
५. रौतहट जिल्ला वन कार्यालय
६. गोरखा जिल्ला वन कार्यालय
७. स्याङजा जिल्ला वन कार्यालय
८. मुस्ताङ्ग जिल्ला वन कार्यालय
९. पाल्पा जिल्ला वन कार्यालय
१०. रूकुम जिल्ला वन कार्यालय
११. हुम्ला जिल्ला वन कार्यालय
१२. बझाङ जिल्ला वन कार्यालय
१३. दार्चुला जिल्ला वन कार्यालय
१४. भोजपुर जिल्ला वन कार्यालय

६. देहायका जिल्लाहरूमा जिल्ला वन कार्यालयहरू स्थापना नहुञ्जेलसम्मका लागि देहायका जिल्ला वन कार्यालयले देहायका जिल्लाहरूको पनि काम गर्ने गरी तोकिएको छ ।
१. अछाम जिल्ला वन कार्यालयले बाजुरा जिल्लाको ।
२. दैलेख जिल्ला वन कार्यालयले जाजरकोट जिल्लाको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८६

३. जुम्ला जिल्ला वन कार्यालयले डोल्पा र कालिकोट जिल्लाको ।
४. गुल्मी जिल्ला वन कार्यालयले अर्घाखांची जिल्लाको ।
५. काठमाडौं जिल्ला वन कार्यालयले भक्तपुर र ललितपुर जिल्लाको ।
६. धनुषा जिल्ला वन कार्यालयले महोत्तरी जिल्लाको ।
७. दोलखा जिल्ला वन कार्यालयले रामेछाप जिल्लाको ।
८. बाग्लुङ्ग जिल्ला वन कार्यालयले पर्वत जिल्लाको ।
९. लमजुङ्ग जिल्ला वन कार्यालयले मनाङ जिल्लाको ।
१०. प्यूठान जिल्ला वन कार्यालयले रोल्पा जिल्लाको ।
११. नुवाकोट जिल्ला वन कार्यालयले रसुवा जिल्लाको ।
१२. ओखलढुङ्गा जिल्ला वन कार्यालयले खोटाङ जिल्लाको ।
१३. पाँचथर जिल्ला वन कार्यालयले ताप्लेजुङ्ग जिल्लाको ।

७. साबिक बमोजिम भैं रहेको दुई सय दुई वटा रेन्ज कार्यालय प्रत्येकलाई छुट्टाछुट्टै इलाका वन कार्यालयमा परिणत गरिएको छ ।

८. साबिक बमोजिम रेन्ज कार्यालय अन्तर्गत रहेको आठ सय आठ वटा वीटहरूलाई एक इलाका वन कार्यालय अन्तर्गत चार वटा वन इकाईहरू रहने गरी वीटलाई वन इकाईमा परिणत गरिएको छ ।

आज्ञाले,
एमरल्ड ज. ब. राणा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग नेपाल सरकार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८